"(५क) भू-संरक्षण अधिकृत"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ:–

"(ङ) शिक्षा समिति: शिक्षा ऐन, २०२८ अन्तर्गत गठित जिल्ला शिक्षा समिति नै यस ऐनको प्रयोजनको लागि शिक्षा समिति मानिनेछ।"

लालमोहर सदर मिति:– २०४३।७।२४।२

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४३ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### न्यायिक कोषको स्थापना गर्न बनेको ऐन

प्रस्तावना: फिर्ता गर्नु पर्ने कोर्टफी, दण्ड जरीवाना, धरौटी वा जमानतको रकम फिर्ता गर्ने काम छिटोछरितो गराउन, अदालत-भवन र न्यायाधीश तथा अदालतमा कार्यरत अन्य कर्मचारीहरूको आवास-भवन



३८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बनाउन, त्यस्ता भवनहरूको विस्तार, मर्मत र स्याहार-संभार गर्ने तथा न्यायसम्बन्धी अरू आवश्यक कार्यहरू गर्ने समेत आवर्ती कोष (रिभल्विङ्ग फण्ड) को रूपमा एक न्यायिक कोषको स्थापना गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "न्यायिक कोष ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको न्यायिक कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठित संचालक समिति सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए-बमोजिम सम्झनु पर्छ ।

३. कोषको स्थापनाः (१) न्यायिक कोष नामको एक कोषको स्थापना गरिएको छ ।

(२) कोषलाई आवर्ती कोष (रिभल्विङ्ग फण्ड) को रूपमा संचालन गरिनेछ ।

४. कोषमा रहने रकमः कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट समय-समयमा प्राप्त अनुदान,

(ख) मुद्दाका पक्षले राखेको धरौटी वा जमानतको रकम ।

५. कोषको प्रयोगः कोषको रकम देहायका कार्यहरूमा खर्च गरिनेछः–

(क) कानून वा अदालतको फैसला वा आदेशबमोजिम फिर्ता गर्नु पर्ने कोर्टफी, दण्ड जरिवाना वा अन्य रकम फिर्ता गर्ने,



३८६ ३८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) अदालतको फैसला वा आदेशबमोजिम फिर्ता गर्नु पर्ने धरौटी वा जमानत रकम फिर्ता दिन,

(ग) कानून वा अदालतको फैसला वा आदेशबमोजिम दिनु पर्ने पुरस्कार र अन्य रकम दिन,

(घ) अदालत भवन, न्यायाधीश र अदालतका अन्य कर्मचारीको आवास-भवन बनाउन र त्यस्ता भवन-हरूको विस्तार, मर्मत एवं स्याहार-संभार गर्न र आवश्यक भएमा त्यसको लागि जग्गा खरीद गर्न,

(ङ) कानूनबमोजिम अदालतले गर्नु पर्ने अन्य कुनै न्यायिक कार्यमा खर्च गर्न ।

६. <u>सोध भर्ना गर्ने:</u> दफा ५ को खण्ड (क) वा (ग) बमोजिम दिएको वा फिर्ता गरेको रकम श्री ५ को सरकारबाट कोषमा सोधभर्ना गरिनेछ ।

७ <u>संचालक समितिको गठन:</u> (१) कोषको सम्पूर्ण काम कारवाईको संचालन र रेखदेख गर्न देहायबमोजिमको संचालक समिति रहनेछ:—

| | |
|---|---|
| (क) प्रधान न्यायाधीश | अध्यक्ष |
| (ख) सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश | सदस्य |
| (ग) महान्यायाधिवक्ता | सदस्य |
| (घ) श्री ५ को सरकारको सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (ङ) रजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य-सचिव |

(२) संचालक समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

८. <u>कोषको व्यवस्था र संचालन:</u> (१) कोषमा जम्मा हुने रकम तोकिएको बैंकमा तोकिएको खातामा जम्मा गरिनेछ ।

(२) कोषको खाताको संचालन तोकिएबमोजिम हुनेछ ।



386

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।